अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)

## मनराशिसवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १ मिति : २०७९/१०/४

भाग-१

## मनराशिसवा नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी

मधेश प्रदेश, नेपाल

मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्वन्धी ऐन, २०७९

# मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्वन्धी ऐन, २०७९

**प्रस्तावना:-** सर्वसाधारण जनताको सदाचार, सामाजिक सद्भाव, स्वास्थ्य, सुविधा, आर्थिक हित तथा अपराधिक घटनाहरुलाई नियन्त्रण गर्नको लागि मदिराको उत्पादन, बिक्री वितरण र निकासी पैठारी समेतमा नियन्त्रण तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) खण्ड (ख) (१३) र दफा १०२ बमोजिम मनराशिसवा नगरपालिकाको मिति २०७९/०९/३० गते सम्पन्न भएको दशौं नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस ऐन को नाम"मदिरा नियन्त्रण तथा व्यवस्थापन ऐन २०७९" रहेकोछ।

(२) यो ऐन नगरपालिका भर लागु हुने छ।

(३) यो ऐन स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुने छ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐन,

(क) "मदिरा" भन्नाले अन्न, फलफूल वा अन्य कुनै स्टार्चयुक्त वस्तुलाई जीव रासायनिक प्रक्रियाद्वारा कुहाई वा अन्य कुनै तरीकाबाट तयार पारिएको अलकोहलयुक्त पदार्थ सम्झनु पर्छ र सो शब्दले रक्सी, जाँड, छयाङ, व्हिस्की, रम, जीन, ब्राण्डी, भोड्का, बियर, वाइन, सेरी, सेम्पेन, साइडर, पेरी, मिड, माटन, औद्योगिक अलकोहल, रेक्टिफाइड, स्प्रिट, माल्ट स्प्रिट, साइलेण्ट स्प्रिट, डिनेचर्ड स्प्रिट र हेड्स स्प्रिट समेतलाई जनाउँछ।

(ख) "उत्पादन" भन्नाले मदिरा तयार गर्नका लागि आवश्यक पदार्थ कुहाउने, तताउने,पकाउने वा त्यस्तो पदार्थमा बास्ना वा स्वाद आउने गरी कुनै कुराको सम्मिश्रण गर्ने वा मदिरा तयार गर्नको लागि अपनाइने सबै वा कुनै विधि वा कार्य सम्झनु पर्छ।

(ग) "अनुमतिपत्र" भन्नाले प्रचलीत कानून बमोजिम मदिरा उत्पादन, बिक्री वितरण निकासी वा पैठारी गर्न दिइएको अनुमतिपत्र सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले मनराशिसवा नगरपालिकालाई सम्झनु पर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मनराशिसवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(छ) "सार्वजनिक स्थान" भन्नाले धारा, चौतारा, कुवा, पोखरी, शैक्षिक संस्था, स्वास्थ्य संस्था, कलकारखाना, सवारी साधन, सभा सम्मेलन, मठ मन्दिर, रंगशाला, सरकारी तथा गैर सरकारी कार्यालयहरु, शवदाह स्थल सम्झनु पर्छ ।

३. **मदिराको उत्पादनमा नियन्त्रण :-** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम वाहेक नगरपालिकाभित्र मदिराको उत्पादन गर्न पाउने छैन ।

४. **मदिराको बिक्री वितरणमा नियन्त्रण :-**

(१) कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्त बमोजिम वाहेक नगरपालिका भित्र मदिरा बिक्री, वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल स्थापना गर्न पाउने छैन ।

(२) मदिरा बिक्री वितरण भैरहेको टोलका ५०% (प्रतिशत) भन्दा बढी घरपरिवारहरुले उक्त टोलमा मदिरा पसल राख्न नदिने निर्णय गरी टोल विकास समिति वा वडा कार्यालयको सिफारिस सहित लिखित रुपमा नगरपालिकामा निवेदन दिएमा सो टोलमा संचालन भएको मदिरा पसल बन्द गर्न सकिने छ ।

(३) प्रचलित कानून बमोजिम अनुमतिपत्र लिएको भएता पनि सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य, सुविधा, आर्थिक हित तथा अपराधिक घटनाहरुलाई नियन्त्रण गर्न नगरपालिकाले मदिरा प्रयोगलाई व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिका भित्रको केही स्थानहरुमा मदिरा निषेध गर्न सक्नेछ ।

५. **मदिराको उत्पादन तथा बिक्री वितरणमा बन्देज :-**

(१) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाइने छैन ।

(२) नगरपालिका भित्र मदिरा बिक्री वितरण गर्दा नगरपालिकाले निषेध गरेको स्थानमा मदिरा बिक्री विरतण गर्न पाइने छैन ।

(३) कसैले पनि पच्चीस वर्षको उमेर पूरा नगरेको व्यक्तिलाई मदिरा बिक्री वितरण ओसार पसार गर्न गराउन पाइने छैन ।

(४) पच्चीस वर्षको उमेर पूरा नगरेको व्यक्तिले मदिरा बिक्री वितरण गर्न पाइने छैन ।

(५) मनराशिसवा नगरपालिकाको १० वटै वडाको भौगोलिक क्षेत्र भित्र रहेका सार्वजनीक कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्ता तथा मठ मन्दिरको चारै तर्फ ३०० मीटर दुरी भित्रको क्षेत्रमा मदिरा उत्पादन, संकलन, भण्डारण तथा बिक्री वितरण गर्न पाइने छैन ।

(६) यस नगरपालिका भित्र भारतिय सिमानासंग जोडिएका वडाहरु वडा नं. २,५,८,९ र १० संवेदनशिल रहेकोले तथा वडा नं. ३ धार्मिक, पर्यटकीय क्षेत्र रहेकोले उक्त वडाहरुमा मदिरा उत्पादन, संकल, भण्डारण, बिक्री वितरण, निकाशी पैठारी गर्न पाइने छैन ।

६. **मदिराको निकासी पैठारीमा नियन्त्रण :-** कुनै व्यक्तिले अनुमतिपत्र बेगर र अनुमतिपत्र पाएकोले पनि अनुमतिपत्रमा तोकिएको शर्तबमोजिम वाहेक नगरपालिकाभित्र मदिराको निकासी वा पैठारी गर्न पाउने छैन ।

७. **शर्तहरु पालना गर्नु पर्ने :-** (१) नगरपालिका भित्र अनुमतिपत्र लिई मदिराको बिक्री वितरण गरिरहेका व्यक्तिहरुले देहायका शर्तहरु पालना गर्नु पर्नेछ :-

(क) अनुमतिपत्र प्रत्येक आर्थिक वर्षको असार महिनाभित्र नवीकरण गराइसकेको हुनुपर्नेछ ।

(ख) अनुमतिपत्र सबैले देख्ने गरी कारोवार स्थलमा राखनु पर्नेछ ।

(ग) डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलगै विक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

(घ) प्रत्येक बोत्तलमा विर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क स्टिकर/टिकट टांसी निकासी गर्नु पर्नेछ।

(ङ) नगरपालिकाले मदिरा उपभोग गर्न निषेध गरेको स्थान वाहेकका स्थानमा दिउँसो २:०० बजे देखी राती ८:०० बजे सम्म मदिरा बिक्री वितरण तथा सेवन गराउनु पर्नेछ ।

(च) मदिरा खरीद कर्ताहरुको अनिवार्य रुपमा तीन पुस्ते व्यक्तिगत विवरण भरी पसलमा रेकर्ड राख्नु पर्नेछ।(व्यक्तिगत विवरणको ढाँचा अनुसूची १ मा उल्लेख छ)

(छ) मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विजक राख्नु पर्नेछ ।

(ज) अनुमतिपत्रवालाले प्रत्येक बोत्तलमा अन्तःशुल्क स्टिकर/टिकट टाँसेको मदिरा मात्र बिक्री गर्नु पर्नेछ ।

(झ) अन्तःशुल्क ऐन, २०५८ तथा यस मनराशिसवा नगरपालिकाको मदिरा ऐन, २०७९ र सो अन्तर्गत बनेका नियम, विनियम कार्यविधि, मापदण्ड तथा ऐनमा उल्लेखित प्रावधानहरूको पालना गर्नु पर्नेछ ।

(ञ) व्यवसायमा गरेको लगानी, भौगोलिक अवस्थिति आदिका आधारमा मदिरा व्यवसायको वर्गिकरण नगरपालिकाले गर्न सक्नेछ ।

(ट) कुनै पनि प्रकारको मदिरा जन्य पदार्थको प्रचार सामग्री राख्न पाइने छैन ।

(ठ) मदिरा पसलबाट उत्पादित सिसाजन्य तथा अन्य फोहरहरुको उचित व्यवस्थापन स्वयं मदिरा व्यवसायीले गर्नु पर्नेछ ।

(२) मदिरा उपभोक्ताहरुले देहायका शर्तहरुपालना गर्नु पर्नेछ :-

(क) मदिरा उपभोग गर्ने व्यक्ति २५ वर्ष पुरा गरेको हुनु पर्नेछ ।

(ख) दिउँसो २:०० बजे देखी राती ८:०० बजे सम्म नगरपालिकाले तोकेको स्थान र परिमाणमा मात्र मदिरा उपभोग गर्नु पर्नेछ ।

(ग) मदिरा उपभोगकर्ताले मदिरा खरीद तथा पैठारी गर्दा अनिवार्य रुपमा व्यक्तिगत विवरण पेश गर्नु पर्नेछ ।

(घ) मदिरा उपभोग कर्ताले मदिरा खरीद गर्ने पसलमा आफ्नो तीन पुस्ते विवरण अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

(ङ) मदिरा उपभोग गरी सार्वजनीक स्थानमा हो-हल्ला तथा शान्ति सुरक्षामा बाधा अवरोध गर्न र अमर्यादित तरिकाले घुमफिर गर्न पाइने छैन ।

(च) मदिरा सेवन गरी परिवारका सदस्यहरु तथा अन्य व्यक्तिलाई दुःख दिने, अर्काको भावनामा चोट पुर्‍याउने काम गर्नु हुँदैन ।

(छ) मदिरा उपभोग कर्ताले दैनिक १८० मिलि लिटर सम्म मात्र मदिरा बिक्री वितरण गर्ने पसलबाट खरीद, उपभोग गर्न पाउनेछ ।

(ज) मदिरा उपभोग कर्ताले आफूले उपभोग गरेको सिसाको बोत्तलहरु जथाभावी फ्याक्न पाइने छैन ।

८. **अनुमतिपत्रको प्राप्ती, अवधि र नवीकरण :-** अनुमतिपत्रको प्राप्ती, अवधि र नवीकरण सम्बन्धी व्यवस्था प्रचलीत कानूनमा तोकिए बमोजिम हुनेछ । अनुमतिपत्रको प्राप्ती र नविकरण गर्दा नगरपालिकाको सिफारिस अनिवार्य रुपमा लिनु पर्नेछ ।

९. **अनुमतिपत्र रद्द गर्न सिफारिस गर्न सक्ने :-** प्रचलित कानूनमा तोकिएको अधिकारी वा निकाय समक्ष प्रचलित कानून बमोजिम दिइएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सिफारिस गरी नगरपालिकाले मदिरा बिक्री वितरण गर्न बन्देज लगाउन सक्नेछ ।

(क) अनुमतिपत्र नवीकरण नगरी व्यवसाय गरेमा ।

(ख) अनुमतिपत्रमा तोकिएका शर्त उलंघन गरेमा

(ग) दफा ५ र ७ विपरीत काम गरेमा ।

१०. **नगरपालिकालाई तिर्नु पर्ने रकम सरकारी बाँकी सरह असूल गर्ने :-** यो ऐन बमोजिम कुनै व्यक्तिले नगरपालिकालाई बुझाउनु पर्ने रकम नबुझाई बाँकी राखेमा त्यस्तो रकम निजबाट प्रमुख प्रशाकीय अधिकृतले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

**११. खानतलासी, कब्जा र पक्राउ गर्न सक्ने :-**

(१) नगरपालिकाको कुनै पनि स्थानमा यस ऐन बमोजिम सजाय हुने कसुर भएको छ भन्ने मनासिव माफिकको कारण भएमा नगरपालिकाबाट खटी जाने अधिकृतले त्यस्तो स्थानको खान तलासी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम खानतलासी गर्दा नगरपालिकाबाट खटी जाने अधिकृतले खानतलासी गर्नु पर्ने कारण खोली खानतलासी गर्ने स्थानको धनी वा तत्काल सो स्थान प्रयोग गरिरहेको व्यक्तिलाई सो स्थान प्रवेश गर्नु भन्दा अगावै सूचना दिएर मात्र खानतलासी गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम खानतलासी गर्दा यस ऐन बमोजिम सजाय हुने कसुर भएको विश्वसनिय कारण देखिएमा त्यस्तो कसूरसंग सम्वन्धित वस्तु तथा सामानहरु कब्जामा लिन सकिनेछ।

(४) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको पाइएमा र निजलाई पक्राउ नगरेमा निज भागि उम्की जाने सम्भावना छ भन्ने लागेमा नगरपालिकाबाट खटीजाने अधिकृतले निजलाई पक्राउ गर्न सक्नेछ।

(५) यस दफा बमोजिम खानतलासी, कब्जा वा पक्राउ गर्दा नगरपालिकाबाट खटी जाने अधिकृतलाई प्रचलित कानून बमोजिम प्रहरीलाई भए सरहको अधिकार हुनेछ।

(६) नगरपालिकाबाट खटी जाने अधिकृतबाट खानतलासी, कब्जा वा पक्राउ गर्दा स्थानीय प्रतिनिधिहरुको रोहवरमा गर्नु पर्नेछ।

१२. **पक्राउ र कब्जाको प्रतिवेदन दिनु पर्ने :-** कसैलाई पक्राउ गरेको वा कुनै स्थानमा खानतलासी गरेको वा कुनै सामान कब्जा गरेको अवस्थामा नगरपालिकाबाट खटीएको अधिकृतले सो कुराको प्रतिवेदन २४ (चौविस) घण्टा भित्र आफुभन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

**१३. दण्ड सजाय :-**

(१) यस ऐन विपरीत काम गर्ने व्यक्तिलाई बढीमा एक लाख रुपैयाँ सम्म जरिवानाको सजाय हुनेछ।

(२) यस ऐन विपरीतको कुनै काम गर्न उद्योग गर्ने वा त्यस्तो काम गर्न दुरुत्साहन गर्ने वा सो काममा सहयोग गर्ने मतियारलाई पचास हजार रुपैयाँ सम्म जरिवाना हुनेछ।

(३) कुनै व्यक्तिले यस ऐनको दफा ५, ६ र ७ उपदफा (१) बमोजिम कसुर गर्ने गराउनेलाई पहिलो पटक रु.१००००/-(दश हजार) रुपैयाँ, दोस्रो पटक रु.१५०००।–(पन्द्र हजार) रुपैयाँ, तेस्रो पटक रु.२००००।–(बिस हजार) रुपैयाँ सो भन्दा बढी दोहर्‍याएमा रु.२५०००।–(पच्चिस हजार) रुपैयाँ सम्म जरिवाना हुनेछ।

(४) कुनै व्यक्तिले यस ऐनको दफा ७ को उपदफा (२) बमोजिम कसुर गरेमा देहाय सजाय हुनेछ।

(क) सर्वसाधारण व्यक्ति भएमा पहिलो पटक रु.३०००/-(तिन हजार), दोस्रो पटक रु.५०००/-(पाँच हजार), तेस्रो पटक भएमा रु.८०००/-(आठ हजार) र सो भन्दा बढि पटक दोहर्‍याएमा रु.१२०००/-(बाह्र हजार) रुपैयाँ सम्म जरिवाना।

(ख) सार्वजनिक पदधारण गरेको व्यक्ति भएमा पहिलो पटक रु.५०००/- (पाँच हजार), दोस्रो पटक रु.८०००/-(आठ हजार), तेस्रो पटक भएमा रु.१२०००।–(बाह्र हजार) र सो भन्दा बढि पटक दोहर्‍याएमा रु.१७०००/- (सत्र हजार) रुपैयाँ सम्म जरिवाना।

(ग) सर्वसाधारण वा सार्वजनिक पदधारण गरेको व्यक्तिले मदिरा सेवन गरी सार्वजनीक स्थलमा प्रवेश गरेमा पहिलो पटक रु.५०००।–(पाँच हजार), दोस्रो पटक रु.१००००/-(दश हजार), तेस्रो पटक भएमा रु.१५०००/-(पन्द्र हजार) र सो भन्दा बढि पटक दोहर्‍याएमा रु.२००००/-(बिस हजार) रुपैयाँ सम्म जरिवाना।

(५) कुनै व्यक्ति माथि उल्लेखित जरिवाना वापतको रकम तिर्न सक्ने हैसियत नभएमा नगरपालिका वा नगरपालिकाले तोकेको निकायले जरिवाना वापतको रकम बराबर जिल्लाको प्रचलित दररेट बमोजिम श्रम गराउनेछ।

(६) पटक पटक मदिरा सेवन गर्ने व्यक्तिलाई नेपाल प्रहरी वा नगर प्रहरीले निजको व्यवहार परिवर्तनको लागि तारेखमा बोलाउन सक्नेछ।

**१४. मदिरा तथा अन्य सामानको जफत र बिक्री :-**

(१) कुनै व्यक्तिले यस ऐन र प्रचलित कानून विपरीत मदिराको उत्पादन, बिक्री वितरण, निकासी वा पैठारी गरेमा सो कार्यसँग सम्बन्धित मदिरा नगरपालिकाले जफत गर्नेछ।

(२) दफा (१) बमोजिम जफत गरिएको मदिरा मध्ये गुणस्तरयुक्त मदिरा तोकिए बमोजिम प्रमुख प्रशासकीय अधिकृतले लिलाम बिक्री गर्नु पर्नेछ।

(३) यस ऐन र प्रचलित कानून विपरीत मदिराको कारोबार गर्न प्रयोग गरिएका सबै सामानहरु नगरपालिकाले जफत गरी तोकिए बमोजिम लिलाम बिक्री गर्नेछ। तर सवारी साधनको हकमा सवारी धनीको मंजुरी रहेनछ भने त्यस्तो सवारी साधन जफत हुने छैन।

**१५. पुरस्कार:-**

(१) कसैले यस ऐन विपरीत मदिरा उत्पादन, सञ्चय, बिक्री वितरण, ओसार पसार, निकासी वा पैठारी गर्न लागेको वा गरेको सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई सो कार्य भए गरेको प्रमाणित हुन आएमा देहाय बमोजिमको रकम पुरस्कार स्वरुप दिइनेछ :-

(क) सुराक दिने व्यक्तिलाई बिगोको १०% (दश प्रतिशत)।

(ख) मदिरा वा मानिस पक्री पेश गर्ने व्यक्तिलाई बिगोको २०% (बिस प्रतिशत)।

(ग) मदिरा र मानिस दुवै पक्री पेश गर्ने व्यक्तिलाई बिगोको ३०% (तिस प्रतिशत)।

(२) उपदफा (१) बमोजिम पुरस्कार दिने प्रयोजनको लागि मदिरा र सोसँग सम्बन्धित जफत भएको सामान लिलाम भएको अवस्थामा लिलामबाट प्राप्त रकमलाई विगो मानिनेछ।

(३) कुनै कारणले जफत भएको मदिरा वा सामान लिलाम हुन नसकेमा वा लिलाम नहुने भएमा नगरपालिकाले त्यस्तो सुराक दिने वा सबुत प्रमाण सहित मानिस पक्री पेश गर्ने व्यक्तिलाई उचित ठहऱ्याएको रकम पुरस्कार स्वरुप दिन सक्नेछ।

(४) स्थानीय स्तरमा उत्पादित मदिरा जफत भएमा जफत भएको परिमाणको आधारमा प्रचलीत स्थानीय चलन चल्ती अनुसार प्रति बोत्तलको आधारमा मुल्य निर्धारण गरी सो बराबर १०% (दश प्रतिशत) ले हुन आउने रकम पुरस्कार स्वरुप नगरपालिकाले आन्तरीक कोषबाट सुराकी दिने व्यक्तिलाई उपलव्ध गराउनेछ।

(५) यस दफा बमोजिम पुरस्कार पाउने व्यक्ति एक जना भन्दा बढी भएमा पुरस्कारको रकम दामासाहीले वितरण गरिनेछ।

(६) सुराक दिने व्यक्तिले आफ्नो नाम र ठेगाना गोप्य राख्न चाहेमा गोपनियता कायम गरिनेछ।

(७) सुराकी दिने व्यक्तिले गलत नियतले अर्कालाई दुःख दिने, हैरानी गर्ने वा बेइज्जती गर्ने किसिमले सुचना दिने गर्नु गराउनु हुँदैन।

१६. **सहयोग गर्नुपर्ने :-** यस ऐन र प्रचलित कानून अन्तर्गत सजाय हुने कसूरको तहकिकातको सिलसिलामा न्यायिक समितिले सहयोग मागेमा आवश्यक सहयोग गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ। कानून कार्यान्वयनको लागि नगरपालिकाले मागेको सहयोग उपलव्ध गराउनु स्थानीय प्रशासन, सरोकारवाला तथा अन्य निकायको कर्तव्य हुनेछ।

१७. **मुद्दा हेर्ने अधिकारी :-** यस ऐन बमोजिम मुद्दामा सुरु कारबाही र किनारा गर्ने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ।

१८. **पुनरावेदन :-** यस ऐन बमोजिम स्थानीय न्यायिक समितिले गरेको निर्णय उपर जिल्ला अदालत समक्ष पुनरावेदन लाग्नेछ।

१९. **नियम बनाउने अधिकार :-** यस ऐनको उद्देश्य कार्यान्वयन गराउन नगपालिकाले नियम बनाउन सक्नेछ।

२०. **निर्देशिका तथा कार्यविधि बनाउन सक्ने :-** यस ऐनका कार्यान्वयनको लागि नगरपालिकाले मदिरा व्यवस्थापन तथा नियन्त्रयका लागि निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाई नगर कार्यपालिका बाट स्वीकृत गरी लागु गर्न सक्नेछ।

२१. **बाधा अडकाउ हटाउने अधिकार :-** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अडकाउ परेमा नगरपालिकाले त्यस्तो बाधा अडकाउ हटाउन ओदेश जारी गर्न सक्नेछ, त्यस्तो आदेश यसै ऐनमा परे सरह हुनेछ।

२२. **बचाउ :-**

(१) यो ऐन लागु हुनु भन्दा अघि मदिरा व्यवस्थापन तथा नियन्त्रण सम्वन्धमा यस नगरपालिकाबाट भए गरेका कामहरु यसै ऐन बमोजिम भए सरह मानिनेछ।

(२) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानून बमेजिम हुनेछ।

मदिरा नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९

अनुसूची १

दफा ७ को उपदफा १ खण्ड (च) संग सम्वन्धित

मनराशिसवा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी

**मदिरा उपभोग कर्ताको व्यक्तिगत विवरण**

(१) नाम, थरः-

(२) ठेगानाः प्रदेश .............. जिल्ला .............. स्थानीय तह ....................

(३) जन्म मिति .......................... (४) नागरिकता नं. ..........................

(५) लिंग ..................

(६) बुवाको नाम, थर ..............................................

(७) बाजेको नाम, थर ........................................

(८) व्यक्तिगत विवरण दिनेको दस्तखत :-

| औंठाको छाप | |
|---|---|
| दा. | बा. |
| | |

(९) व्यक्तिगत विवरण प्रमाणित गर्नेको दस्तखत :-

नाम :-

पद :-

मिति :-

(नोट :- मदिरा उपभोगकर्ताले एक पटकमा १८० मिलिलिटर भन्दा बढी उपभोग गर्न पाइने छैना)

प्रमाणिकरण मिति : २०७९/१०/४

आज्ञाले,

माधवेन्द्र चौधरी

प्रमुख प्रशासकीय अधिकृत